नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-:अभद्र व्यवहार ।

मि.नं.-६६३ , दायर मिति-:२०८०-०३-०८

फैसला मिति-२०८०-०४-२८

वादी

प्रहरी प्रतिवेदनले नेपाल सरकार-------------१

प्रतिवादी

देश भारत ,बिहार राज्य,जिल्ला मोतिहारी ,ग्रामपँचायत श्रीकृष्णनगर वडा नं.३६ बस्ने बर्ष ३८ को आरजु कुमार भन्ने अनुपम कुमार समेत २ -----------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवादीहरुले प्रहरी टोलीसँग बादबिबाद गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन।

२. प्रहरी टोलीसँग बादबिबाद गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीहरुको बयान कागज।

३. प्रहरी टोलीसँग बादबिबाद गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका अशोक कुमार समेतको घटनाविवरण कागज।

४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

## ठहर-खण्ड

यसमा मिति २०८०/०२/३१ गते जिल्ला पर्सा विरगंज महानगरपालिका वडा नं.१६ शंक्राचार्यगेट स्थित सडकमा भारतिय नम्वरको नम्वर नखुलेको कार विरगंजवाट भारतको रक्सौल तर्फ गई रहेको अवस्थामा रोकी चेकजाँच गर्दा उक्त कारमा सवार प्रतिवादीहरु आरजु कुमार भन्ने अनुपम कुमार र अमर कुमार भन्ने आशुतोष कुमारले मादक पदार्थ सेवन गरेको थाहा पाई मादक पदार्थ सेवन गरी सवारी साधन चलाउनु हुदैन भनि सम्झाई बुझाई गर्दा निज प्रतिवादीहरुले नमानी उल्टै हामि प्रहरी टोलीसँग वादविवाद गरी हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले आरजु कुमार भन्ने अनुपम कुमार र अमरकुमार भन्ने आशुतोष कुमारलाई पक्राउ गरेको भन्ने घटनास्थल मुचुल्का तथा प्रहरी प्रतिवेदन, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु आरजु कुमार भन्ने अनुपम कुमार र अमरकुमार भन्ने आशुतोष कुमारलाई जरिवाना जनही रु ५,०००।- गर्ने। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु आरजु कुमार भन्ने अनुपम कुमार र अमरकुमार भन्ने आशुतोष कुमारलाई ठहरेको जरिवानाको हकमा मिति २०८०-०३-०८ गते र.नं. ९५४,९५५ बाट दाखिला गरेको धरौटी रकम जनही ५,०००।- बाट जरिवाना रकम जनही रु ५,००० कट्टा गरि मिनाहा गर्नु ।--------------------------------------------१

२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिनु-----------------------------------------------------------------------------------------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु---------१

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल श्रावण महिना २८ गते रोज १ शुभम् ........................